# लालझाडी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

शंकरपुर, कञ्चनपुर, सुदूरपश्चिम प्रदेश

## नदीजन्य पदार्थको बिक्रीका लागि बोलपत्र आव्हान सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति:२०७७/०४/२५

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६२ क. र यस लालझाडी गाउँपालिकाको आर्थिक ऐन,२०७७ को दफा १४ को व्यवस्था बमोजिम तपशिलमा उल्लिखित नदीहरुको स्वीकृत घाटहरुवाट निर्धारित मापदण्ड बमोजिम नदीजन्य पदार्थ उत्खनन् गरी लालझाडी गाउँपालिकाले तोकेको दरमा बिक्री गर्ने गरी ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले ईच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुले फर्मको नवीकरण भएको प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. २०७६/०७७ को कर चुक्ता प्रमाणपत्र र नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपीहरु संलग्न गरी तपसिल बमोजिमका शर्तहरुको अधीनमा रही बोलपत्र प्रकृयामा सहभागी हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएकोछ ।

तपसिल

| सि.नं. | सूचना नं./ बोलपत्र नं. | बोलपत्रको नाम | न्यूनतम बोलपत्र रकम (सेवा शुल्क र मू.अ. कर बाहेक) | बोलपत्र दस्तुर (रु.) |
|---|---|---|---|---|
| १ | LAL-01-2077/078 | दोदा नदीको ग्राबेल ,बालुवा र माटोमा बिक्री रकम संकलन गर्ने ठेक्का | ३७,५०,००० | ३,००० |

शर्तहरु:

फर्मको हकमा नवीकरण भएको दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व.२०७६/०७७ को करचुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि र व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, बोलपत्र फाराम दस्तुर बापत यस कार्यालयमा नगदै तिरेको वा नेपाल बङ्गलादेश बैंक चान्देब शाखामा रहेको यस कार्यालयको खाता नं. ग. १.१ आन्तरिक राजश्व खाता-०७७०००१२४१ मा नगद जम्मा गरेको नगद भौचर साथ निवेदन पेश गरी यो सूचना प्रथमपटक प्रकाशन भएको मितिले ३० औं दिनको कार्यालय समयभित्र कार्यालयबाट बोलपत्र फाराम खरिद गर्न सकिनेछ । बोलपत्र पेश गर्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा सोको लगत्तै पछिको कार्यालय खुल्ने दिन उल्लिखित कार्य हुनेछ।

बोलपत्र सम्बन्धी फाराम भर्दा कबोल रकम अक्षर र अंकमा स्पष्ट उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ । आफुले कबोल गरेको अंकको ५% प्रतिशतको दरले हुन आउने धरौटी रकम यस कार्यालयको नेपाल बंगलादेश बैंक, चान्देब शाखामा रहेको ग.३.१. धरौटी खाता नं.०७७००००८४१ मा जम्मा गरी सोको सक्कल बैंक भौचर वा नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त बैंक/ वित्तिय संस्थाबाट यस कार्यालयको नाममा बोलपत्र नं. र नाम उल्लेख गरी १२० दिनको म्याद सहित जारी गरिएको बिड बण्ड सिलबन्दी खाम साथ पेश गर्नु पर्नेछ ।

साथै विद्युतीय माध्यमबाट बोलपत्र पेश गर्न चाहने बोलपत्रदाताले सार्वजनिक खरिद अनुगमन कार्यालयको www.bolpatra.gov.np बाट बोलपत्र सम्बन्धी कागजातहरु डाउनलोड तथा अपलोड गर्न सक्ने व्यवस्था गरिएको छ । तोकिएको बोलपत्र दस्तुर माथि उल्लेखित खाता नं. मा जम्मा गरेको भौचर र धरौटी(बिड बण्ड) लाई बोलपत्र सम्बन्धी कागजात साथ संलग्न गर्नुपर्नेछ ।

खरिद गरेको बोलपत्र फारामहरुमा उल्लेख भएका सबै विवरणहरु भरी बोलपत्रदाताले प्रत्येक पानामा सही छाप गरी सिलबन्दी गरी खाम बाहिर फर्मको नाम, ठेगाना, कामको विवरण, बोलपत्र विवरण प्रोपराइटरको नाम, ठेगाना, फोन नं, मोबाइल नं. समेत स्पष्ट खुलाई फर्मको छाप लगाई प्रथम पटक सूचना प्रकाशित भएको मितिले ३१ औं दिन (२०७७/०५/२३ गते) दिनको १२ बजे भित्र यस कार्यालयमा हार्डकपी वा विद्युतीय प्रति दर्ता गर्नु पर्नेछ ।

एक फर्म वा संस्थाको नाममा खरिद गरिएको बोलपत्र अर्को फर्म वा संस्थाका नामबाट दाखिला गर्न पाइने छैन । रीतपूर्वक पर्न आएका बोलपत्र सम्बन्धी कागजातहरु पेश गर्ने अन्तिम दिनको १४ बजे देखि विभिन्न कार्यालयका प्रतिनिधि, निर्माण व्यवसायी वा निजको प्रतिनिधिहरुको रोहबरमा यस कार्यालयमा खोलिनेछ । साथै बोलपत्रदाता वा निजको प्रतिनिधि.बोलपत्र खोल्ने समयमा उपस्थित नभएमा बोलपत्र खोल्न बाधा पर्ने छैन । उक्त दिन बिदा परेमा सो कार्य बिदाको लगत्तै पछि कार्यालय खुलेको दिनमा गरिनेछ ।

बोलपत्र सम्बन्धी विस्तृत जानकारी बोलपत्र सम्बन्धी फाराममा उल्लेख गरिएको हुँदा सोही पुस्तिकाबाट अवगत गर्न वा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ । म्याद नाघी, रीत नपुगी वा शर्तसहित पेश हुन आएका बोलपत्र स्वीकार गर्न यस कार्यालय वाध्य हुने छैन । बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

बोलपत्र स्वीकृत भएमा सो को सूचना पाएको वा घरदैलोमा सूचना टाँस भएको मितिले १५ दिनभित्र मू.अ. कर दर्ता प्रमाणपत्र समेत लिई कबोल अंकको प्रथम किस्ताबापत ५०% प्रतिशतले हुने रकम अनिवार्य बुझाउनुपर्नेछ । पछिल्ला किस्ताबापत ५०% प्रतिशतले हुने रकम नेपाल राष्ट्र बैंकबाट ईजाजत प्राप्त बैंकबाट यस कार्यालयको नाममा २०७८ साल श्रावण मसान्त सम्म म्याद सहित जारी गरिएको बैंक ग्यारेन्टी (परफरमेन्स बन्ड) समेत पेश गरी पट्टा उठाउनु पर्नेछ । कुल कबोल अंकको एक मुष्ट रकम सम्झौताको समयमा नै अग्रिम बुझाएमा औचित्य हेरी कबोल अंकको १०% सम्म छुट दिन सकिने छ । साथै बोलपत्र कबोल गर्ने व्यक्ति वा फर्मले आफुले कबोल गरेको अंक, सेवा शुल्क बापत हुन आउने जम्मा रकमको नियमानुसार थप १३ % भ्याट रकम समेत यस कार्यालयमा बुझाउनुपर्नेछ । नियमानुसार नेपाल सरकारलाई आयकर तथा अन्य कर बोलपत्रदाताले छुट्टै बुझाउनु पर्नेछ ।

तोकिएको म्यादभित्र पट्टा उठाउन नआएमा राखिएको धरौटी रकम जफत गरी नियमानुसार बोलपत्र बन्दोवस्त गरिनेछ । यस गाउँपालिका वा गाउँपालिकाका नदी तथा नदीहरुको उत्खनन् क्षेत्र र उत्खनन् परीमाणका सन्दर्भमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, सम्बन्धित स्थानीय तहबाट जारी भएका कानून, प्रदेश कानून तथा अन्य प्रचलित कानून वा मापदण्ड बमोजिम हुनेछ । साथै यस कार्यालयबाट गरिएको वातावरणीय अध्ययन प्रतिवेदन यस बोलपत्र सम्झौताको अभिन्न अंग मानिनेछ ।

*(नोट: विस्तृत जानकारीको लागि यस कार्यालयको Website www.laljhadimun.gov.np मा समेत हेर्न सकिनेछ !)*

# राष्ट्रिय स्तरको बोलपत्र

२०७७ श्रावण

ठेक्का नम्बर : LAL-01-2077/078

**ठेक्काको नाम**

**दोदा नदीको ग्राबेल, बालुवा र माटोमा बिक्री रकम संकलन गर्न ठेक्का**

## लालझाडी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

शंकरपुर, कञ्चनपुर, सुदूरपश्चिम प्रदेश

| | |
|---|---|
| प्रथम पटक सूचना प्रकासित मिति | : २०७७/४/२५ |
| वोलपत्र खरिद गर्नु पर्ने अन्तिम मिति | : २०७७/०५/२२ |
| वोलपत्र दर्ता गर्नु पर्ने अन्तिम मिति | : २०७७/०५/२३, दिउसो १२:०० भित्र |
| वोलपत्र दर्ता गर्नु पर्ने अन्तिम मिति | : २०७७/०५/२३, दिउसो २:०० बजे |

वोलपत्र दाताको नामः

ठेगानाः

प्रतिनिधिको दस्तखत :

नामः

मितिः

छापः

# लालझाडी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
शंकरपुर, कञ्चनपुर, सुदूरपश्चिम प्रदेश

## नदीजन्य पदार्थको बिक्रीका लागि बोलपत्र आव्हान सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मितिः२०७७/०४/२५

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६२ क. र यस लालझाडी गाउँपालिकाको आर्थिक ऐन,२०७७ को दफा १४ को व्यवस्था बमोजिम तपशिलमा उल्लिखित नदीहरुको स्वीकृत घाटहरुवाट निर्धारित मापदण्ड बमोजिम नदीजन्य पदार्थ उत्खनन् गरी लालझाडी गाउँपालिकाले तोकेको दरमा बिक्री गर्ने गरी ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले ईच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुले फर्मको नवीकरण भएको प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. २०७६/०७७ को कर चुक्ता प्रमाणपत्र र नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपीहरु संलग्न गरी तपसिल बमोजिमका शर्तहरुको अधीनमा रही बोलपत्र प्रकृयामा सहभागी हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएकोछ।

**तपसिल**

| सि.नं. | सूचना नं./ बोलपत्र नं. | बोलपत्रको नाम | न्यूनतम बोलपत्र रकम (सेवा शुल्क र मू.अ. कर बाहेक) | बोलपत्र दस्तुर (रु.) |
|---|---|---|---|---|
| १ | LAL-01-2077/078 | दोदा नदीको ग्राबेल ,बालुवा र माटोमा बिक्री रकम संकलन गर्न ठेक्का | ३७,५०,००० | ३,००० |

**शर्तहरुः**

फर्मको हकमा नवीकरण भएको दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व.२०७६/०७७ को करचुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि र व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, बोलपत्र फाराम दस्तुर बापत यस कार्यालयमा नगदै तिरेको वा नेपाल बङ्गलादेश बैंक चान्देब शाखामा रहेको यस कार्यालयको खाता नं. ग. १.१ आन्तरिक राजश्व खाता-०७७०००१२४१ मा नगद जम्मा गरेको नगद भौचर साथ निवेदन पेश गरी यो सूचना प्रथमपटक प्रकाशन भएको मितिले ३० औं दिनको कार्यालय समयभित्र कार्यालयबाट बोलपत्र फाराम खरिद गर्न सकिनेछ। बोलपत्र पेश गर्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा सोको लगत्तै पछिको कार्यालय खुल्ने दिन उल्लिखित कार्य हुनेछ।

बोलपत्र सम्बन्धी फाराम भर्दा कबोल रकम अक्षर र अंकमा स्पष्ट उल्लेख गर्नु पर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ। आफुले कबोल गरेको अंकको ५% प्रतिशतको दरले हुन आउने धरौटी रकम यस कार्यालयको नेपाल बंगलादेश बैंक, चान्देव शाखामा रहेको ग.३.१. धरौटी खाता नं.०७७००००८४१ मा जम्मा गरी सोको सक्कल बैंक भौचर वा नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त बैंक/ वित्तिय सस्थाबाट यस कार्यालयको नाममा बोलपत्र नं. र नाम उल्लेख गरी १२० दिनको म्याद सहित जारी गरिएको बिड बण्ड सिलबन्दी खाम साथ पेश गर्नु पर्नेछ।

साथै विद्युतीय माध्यमबाट बोलपत्र पेश गर्न चाहने बोलपत्रदाताले सार्वजनिक खरिद अनुगमन कार्यालयको www.bolpatra.gov.np बाट बोलपत्र सम्बन्धी कागजातहरु डाउनलोड तथा अपलोड गर्न सक्ने व्यवस्था गरिएको छ। तोकिएको बोलपत्र दस्तुर माथि उल्लेखित खाता नं. मा जम्मा गरेको भौचर र धरौटी(बिड बण्ड) लाई बोलपत्र सम्बन्धी कागजात साथ संलग्न गर्नुपर्नेछ।

खरिद गरेको बोलपत्र फारामहरुमा उल्लेख भएका सबै विवरणहरु भरी बोलपत्रदाताले प्रत्येक पानामा सही छाप गरी सिलबन्दी गरी खाम बाहिर फर्मको नाम, ठेगाना, कामको विवरण, बोलपत्र विवरण प्रोपराइटरको नाम, ठेगाना, फोन नं, मोबाइल नं. समेत स्पष्ट खुलाई फर्मको छाप लगाई प्रथम पटक सूचना प्रकाशित भएको मितिले ३१ औं दिन (२०७७/०५/२३ गते) दिनको १२ बजे भित्र यस कार्यालयमा हार्डकपी वा विद्युतीय प्रति दर्ता गर्नु पर्नेछ।

एक फर्म वा संस्थाको नाममा खरिद गरिएको बोलपत्र अर्को फर्म वा संस्थाका नामबाट दाखिला गर्न पाइने छैन। रीतपूर्वक पर्न आएका बोलपत्र सम्बन्धी कागजातहरु पेश गर्ने अन्तिम दिनको १४ बजे देखि विभिन्न कार्यालयका प्रतिनिधि, निर्माण व्यवसायी वा निजको प्रतिनिधिहरुको रोहबरमा यस कार्यालयमा खोलिनेछ। साथै बोलपत्रदाता वा निजको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थित नभएमा बोलपत्र खोल्न बाधा पर्ने छैन। उक्त दिन बिदा परेमा सो कार्य बिदाको लगत्तै पछि कार्यालय खुलेको दिनमा गरिनेछ।

बोलपत्र सम्बन्धी विस्तृत जानकारी बोलपत्र सम्बन्धी फारममा उल्लेख गरिएको हुँदा सोही पुस्तिकाबाट अवगत गर्न वा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ। म्याद नाघी, रीत नपुगी वा शर्तसहित पेश हुन आएका बोलपत्र स्वीकार गर्न यस कार्यालय वाध्य हुने छैन। बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।

बोलपत्र स्वीकृत भएमा सो को सूचना पाएको वा घरदैलोमा सूचना टाँस भएको मितिले १५ दिनभित्र मू.अ. कर दर्ता प्रमाणपत्र समेत लिई कबोल अंकको प्रथम किस्ताबापत ५०% प्रतिशतले हुने रकम अनिवार्य बुझाउनुपर्नेछ। पछिल्ला किस्ताबापत ५०% प्रतिशतले हुने रकम नेपाल राष्ट्र बैंकबाट ईजाजत प्राप्त बैंकबाट यस कार्यालयको नाममा २०७८ साल श्रावण मसान्त सम्म म्याद सहित जारी गरिएको बैंक ग्यारेन्टी (परफरमेन्स बन्ड) समेत पेश गरी पट्टा उठाउनु पर्नेछ। कुल कबोल अंकको एक मुष्ट रकम सम्झौताको समयमा नै अग्रिम बुझाएमा औचित्य हेरी कबोल अंकको १०% सम्म छुट दिन सकिने छ। साथै बोलपत्र कबोल गर्ने ब्यक्ति वा फर्मले आफुले कबोल गरेको अंक, सेवा शुल्क बापत हुन आउने जम्मा रकमको नियमानुसार थप १३ % भ्याट रकम समेत यस कार्यालयमा बुझाउनुपर्नेछ। नियमानुसार नेपाल सरकारलाई आयकर तथा अन्य कर बोलपत्रदाताले छुट्टै बुझाउनु पर्नेछ।

तोकिएको म्यादभित्र पट्टा उठाउन नआएमा राखिएको धरौटी रकम जफत गरी नियमानुसार बोलपत्र वन्दोवस्त गरिनेछ। यस गाउँपालिका वा गाउँपालिकाका नदी तथा नदीहरुको उत्खनन् क्षेत्र र उत्खनन् परीमाणका सन्दर्भमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, सम्बन्धित स्थानीय तहबाट जारी भएका कानून, प्रदेश कानून तथा अन्य प्रचलित कानून वा मापदण्ड बमोजिम हुनेछ। साथै यस कार्यालयबाट गरिएको वातावरणीय अध्ययन प्रतिवेदन यस बोलपत्र सम्झौताको अभिन्न अंग मानिनेछ।

*(नोटः विस्तृत जानकारीको लागि यस कार्यालयको Website www.laljhadimun.gov.np मा समेत हेर्न सकिनेछ।)*

## १) परिचय :

स्थानिय सरकार सञ्चालन ऐन २०७४ र ढुंगा गिट्टी बालुवा उत्खनन, बिक्रि तथा व्यवस्थपन सम्वन्धि मापदण्ड २०७७ को आन्तरीक श्रोत उठाउने ठेक्का सम्बन्धि व्यवस्था बमोजिम बमोजिम आन्तरिक स्रोत उठाउने अधिकार प्रदान गरे अनुरुप लालझाडी गाउंपालिका शंकरपुर, कञ्चनपुरबाट आर्थिक बर्ष २०७७/०७८ मा आन्तरीक श्रोत उठाउन श्रोतको शीर्षक एकिन गरी न्यूनतम कबुल अंक निश्चित गरिएको छ। यसरी एकिन भएको शिर्षक र न्यूनतम कबूल अंकमा आधारित भएर आन्तरिक श्रोत उठाउने सम्बन्धि बोलपत्र आह्वानको सूचना मिति २०७६।०४।२५ मा प्रकाशित भएको छ। यस लालझाडी गाउंपालिकाको गाउं कार्यपालिकाको निर्णय वमोजिम आन्तरिक आय (ठेक्का) बन्दोबस्ती गर्न यो टेण्डर डकुमेण्ट्स तयार पारिएको छ।

## २) परिभाषा र व्याख्या

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस टेण्डर डकुमेण्टसमा।

(क) "**कार्यालय**" भन्नाले लालझाडी गाउंपालिका गाउंकार्यपालिकाको कार्यालय शंकरपुर, कञ्चनपुर सम्झनु पर्दछ।

(ख) "**आन्तरिक श्रोत** " भन्नाले गाउं सभा र गाउं कार्यपालिका बैठकले आ. व. २०७७/०७८ का लागी स्वीकृत गरेको आन्तरीक श्रोतका शीर्षकहरु सम्झनु पर्दछ र सो शब्दले न्यूनतम कवुल अंक समेत जनाउछ।

(ग) "**ऐन**" भन्नाले स्थानीय सरकार संचालन ऐन २०७४ सम्झनु पर्दछ। सान्दर्भिक विषयमा सार्वजनिक खरिद ऐन –२०६३ समेत सम्झनु पर्दछ।

(घ) "**नियमावली**" भन्नाले आन्तरिक आय(ठेक्का) बन्दोबस्त सम्बन्धी नियमावली र सार्वजनिक खरिद नियमावलीलाई सम्झनु पर्दछ।

(ङ) "**ठेकेदार**" भन्नाले ठेक्का दिईएका र ठेक्काको शर्त अनुसार कार्य पुरा गर्ने जिम्मा लिएका व्यक्ति वा निजका प्रतिनिधि सम्झनु पर्दछ।

(च) "**सम्झौता** "भन्नाले कामहरु गर्नका लागि दुवै पक्षको दायित्व निर्धारण गरी कार्यालय र ठेकेदारका बीचमा हस्ताक्षर भएको कागजात सम्झनु पर्दछ।

## ३) ठेक्का विवरण, न्यूनतम कवुल अंक र ठेक्काका शर्तहरु :

आर्थिक वर्ष २०७७/०७८ मा आन्तरीक श्रोत उठाउने शीर्षक र न्यूनतम कवोल अंक देहाय वमोजिम रहेका छन्।

**ठेक्काको विवरण**

| ठेक्का नं. | ठेक्काको नाम | २०७६।०७७ को न्यूनतम कबोल अंक (भ्याट बाहेक) | वोलपत्र दस्तुर |
|---|---|---|---|
| LAL-01-2077/078 | दोदा नदीको ग्राबेल ,बालुवा, र माटोमा बिक्री रकम संकलन गर्न ठेक्का | ३७,५०,००० | ३,००० |

**वोलपत्र सम्वन्धि शर्तहरु**

१. वोलपत्रखरिद गर्न इच्छुक वोलपत्रदाताले मु.अ.कर दर्ता प्रमाणपत्र आ.व. २०७७/०७८ सम्मको फर्म नवीकरण आ.व. २०७७/०७८ को आयकर चुक्ता प्रमाण पत्र पेश गरी सूचनाप्रकाशितभएको मितिले ३० औं दिनसम्मकार्यालय समय भित्र यसै कार्यालयबाट खरिद गरी ३१औं दिनको १२:०० बजे सम्म शिलबन्दी वोलपत्र दाखिला गरिसक्नु पर्नेछ र रीत पुऱ्याई प्राप्त हुन आएका वोलपत्र ३१औं दिनको २:०० बजे बोलपत्रदाता वा निजको प्रतिनिधिहरु र गाउँपालिका प्रतिनिधिहरुका रोहवरमा खोलिनेछ। बोलपत्रदाताहरु वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि वोलपत्र खोल्न बाधा पर्ने छैन। वोलपत्र फाराम खरिद एवम् दाखिलागर्न अन्तिम दिन बिदा पर्न गएमा सो दिन पछि कार्यालय खुलेको दिनलाई क्रमशःअन्तिमदिन मानिनेछ

२. वोलपत्रफारम साथ धरौटी वापतकबोल अंकको ५ (पाँच) प्रतिशतले हुने जमानत रकम यस कार्यालयको नेपाल बंगलादेश बैंक चान्देव शाखामा रहेको खातानम्बर ०७७००००८४१ धरौटी खातामा रकमजम्मा गरेकोसक्कलभौचर वा सूचनाजारी भएको मितिले कम्तिमा १२० दिनम्यादभएको यस कार्यालयको नाममा जारी भएको मान्यताप्राप्त बैंक/ वित्तिय सस्थाको ग्यारेन्टी (विड वन्ड) पेश गर्नुपर्ने छ। सो फाराममा कबोल ठेक्का अंक भरी सही छाप गरी सिलबन्दी सहित पेश गर्नुपर्नेछ। बिक्री भई सकेको फाराम, कागजात पछि फिर्ता गरिने छैन, साथै एउटा फर्मले खरिद गरेको बोलपत्र अर्को फर्मले पेश गर्न पाईने छैन।

३. नेपाल सरकारको प्रचलित कानून बमोजिम लाग्ने आयकर मूल्य अभिवृद्धि कर तथाशुल्कहरु प्रस्तावक स्वयंले तिर्नुपर्नेछ। कार्यालयमा बुझाउनुपर्ने सम्पूर्ण रकम र कर समेत बुझाई सकेपछि मात्र धरौटी रकम फिर्ता हुनेछ।

४. वोलपत्र स्वीकृत भई सम्झौता भएपश्चात कुनैपनि किसिमको छुट मिनाहा वा माफी दिइने छैन।

५. वोलपत्र स्वीकृत भएको १५ (पन्ध्र) दिन भित्र ठेक्का सम्झौता गरिसक्नु पर्नेछ । म्याद भित्र सम्झौता गर्न नआएमा राखेको धरौटी जफत गरिनेछ ।

६. वोलपत्रदाताले वोलपत्रमा मूल्यअभिवृद्धि कर बाहेकको रकम उल्लेख गर्नुपर्ने छ । दररेट अंक र अक्षरमा अनिवार्य रुपमा उल्लेख गर्नुपर्ने छ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ । केरमेट भएमा केरमेट भएको ठाउँमा सहिछाप भएको हुनुपर्नेछ ।

७. यस गाउँपालिकाको छाप र कार्यालयको तर्फबाट प्रमाणित नभएको फारमलाई मान्यतादिइने छैन ।

८. म्याद नाघी वा रित नपुगीप्राप्तभएको वोलपत्र उपर कुनै कारवाहीहुने छैन ।

९. ठेक्का सम्झौता नगरी ठेक्का चलन गर्न पाईने छैन । समयमा सम्झौता नगरी ठेक्का चलन पूर्जी नलिएको कारणबाट कुनै किसिमको छूट वा मिनाहा हुने छैन ।

१०. ठेक्काबाट उठाईने बस्तु तथा सेवाको कर शुल्क, दस्तुरका दररेटहरु गाउं सभाबाट पारित भए बमोजिम रहनेछन् सो दर रेटमा संघीय सरकार र सुदूरपश्चिम प्रदेश सरकारको निर्णय तथा प्रचलित ऐन कानुनमा कुनै परिवर्तन भएमा सोही बमोजिम हुने छ ।

११. सम्झौतामा भएको दररेट भन्दा फरक पारी वा सम्झौतामा उल्लेख नभएका सामानमा/वस्तुमा कर लिन पाईने छैन ।

१२. यस कार्यालयमा तिर्नुपर्ने बाकीं वक्यौता भएका व्यक्ति वा फर्मको वोलपत्र स्वीकृत गरिने छैन ।

१३. यस गाउँपालिकाको हितलाई ध्यानमा राखी वोलपत्र स्वीकृत गर्ने वा नगर्ने वाआंशिक रुपमा स्वीकृत गर्ने वा रद्द गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

१४. यस कार्यालयाको स्वीकृत प्रँरम्भिक वातावरणीय परीक्षण प्रतिवेदन अनुसार कायम गरेको प्राकृतिक स्रोतको उपयोग सम्बन्धी मापदण्ड ठेक्कामा लागु हुनेछन् ।

१५. वोलपत्र दोहोरो दर्ता भएमा दुवै वोलपत्र नखोली अस्वीकृत गरिनेछ ।

**नदिजन्य पदार्थहरु उत्खनन्, सङ्कलन र बिक्रि बितरण गर्ने सर्तहरु**

**१.** साधारण निर्माणमुखी नदिजन्य पदार्थहरु घाटगद्दी स्थल तोकि निर्धारित स्थानबाट मात्र उल्खनन् तथा बिक्रि वितरण गर्नुपर्नेछ ।

**२.** साधारण निर्माणमुखी नदीजन्य पदार्थको उल्खनन् सङ्कलन गरि धाटगद्दी क्षेत्रबाट बिक्रि वितरण गर्ने क्रममा उल्लिखित शर्तहरु पालना भए/ नभएको सम्बन्धमा अनुगमन समिति तथा गाउँपालिकाले अनुगमन गरी आवश्यक निर्देशन दिन सक्नेछ। निर्देशन पालना गर्ने दायित्व सम्बन्धित ठेकेदारको हुनेछ ।

**३.** आ.व. २०७७/०७८ को ठेक्का सम्झौता भएको मितिको भोलिपल्ट देखि २०७८ जेष्ठ मसान्त सम्म मात्र बिहान ८०० बजेदेखि बेलुका ५०० बजेसम्म गाउं पालिकाबाट तोकिएको क्षेत्रमा उत्खनन् एवं संकलन गर्नु पर्नेछ ।

**४.** ठेक्का कवोल गर्ने व्यक्ति वा फर्मले आफुले कवोल गरेको अंकको साथै उल्खननकोलागि उल्लिखित परिमाणको आधारमा बिक्रि शुल्क बाफतको दरले हुन आऊने रकम समेतको हिसाबले नियमानुसार थप १३% (मु. अ. कर सहित) गरि एकमुष्ट वा तिन किस्ता कायम गरिनेछ । पहिलो किस्ता बापत कुल कबोल अंकको ५०% हुनआउने रकम सम्झौताको समयमा बुझाउनु पर्नेछ र बाँकी २५% रकम पौष मसान्तभित्र र २५% जेठ मसान्त सम्म यस कार्यालयमा बुझाउनु पर्नेछ । साथै ठेक्का सम्झौता गर्दा बाकी रहने ५० प्रतिशत रकम बराबरको मान्यताप्राप्त बैंक/ वित्तिय सस्थाबाट यस कार्यालयको नाममा जारी गरेको ठेक्का अवधिको परफरमेन्स बण्ड जमानत वाफत राख्नु पर्नेछ । कुल कबोल अंकको एक मुष्ट रकम सम्झौताको समयमा नै अग्रिम बुझाएमा औचित्य हेरी कबोल अंकको १०% सम्म छुट दिन सकिने छ ।

**५.** यस गाउँपालिकाका नदी तथा नदीहरुको उल्खनन् क्षेत्र र उल्खनन् परिमाणका सन्दर्भमा स्थानिय सरकार सञ्चालन ऐन २०७४, सुदुर पश्चिम प्रदेश कानुन, नदीजन्य निर्माण सामग्रीहरुको उपयोग सम्बन्धमा भएका अध्यन प्रतिवेदन यस ठेक्का सम्झौताका अभिन्न अंग रहनेछन ।

**६.** यस ठेक्का सम्झौतामा उल्लेखित नदीहरु बाहेक नदीजन्य पदार्थको उत्खनन संकलन तथा बिक्री वितरण कार्य मध्यवर्ती क्षेत्र राष्ट्रिय निकुञ्ज, सामुदायिक वन र नेपाल सरकारले निषेध गरेको स्थानहरुबाट गर्न पाइने छैन।

**७.** बिक्री मूल्य वा दस्तुर शुल्क तोकिएको संकलन केन्द्रमा मात्र उठाउनुपर्ने छ । राष्ट्रिय राजमार्ग र सहायक राजमार्गमा ढाट राख्न पाइने छैन ।

**८.** नेपाल सरकार वा लालझाडी गाउँपालिकालाई प्रचलित कानूनबमोजिम बुझाउनुपर्ने अन्य कर दस्तुर, शुल्क आदि सबै ठेकेदार स्वयंले सम्बन्धित निकायमा बुझाउनुपर्नेछ । सो बाफत बुझाएको रकमलाई कबोल गरेको ठेक्का रकमबाट कट्टा गर्न पाइने छैन ।

**९.** शुल्क उठाउने रसिदहरु ठेक्काको शिर्षक अनुसार छुट्टाछुट्टै ठेकेदारले आफ्नै तर्फबाट छपाइ गरी यस कार्यालयको छाप लगाइ प्रमाणीत गराएर र रसिद नियन्त्रण खातामा नम्बर दाखिला गरेर मात्र कर दस्तुर उठाउन प्रयोगमा ल्याउनु पर्नेछ ।

१०. कर उठाउदा प्रयोग हुने रसिदहरु ठेकेदारले आफ्नो तर्फबाट छपाई यस कार्यालयबाट प्रमाणित गराउनु पर्नेछ। प्रमाणित नगरेको रसिबाट कर उठाउन पाईने छैन। त्यस्तो रसिदबाट कर उठाएको उजुरी वा जानकारी आएमा नियमानुसार कार्वाही गरिनेछ।

११. बिक्री मूल्य वा शुल्क असुल गर्नुपर्ने दररेटको सुची तालिका र शर्तहरु सहितको होडिङ बोर्ड कर संकलन केन्द्रमा अनिवार्य रूपले ठेकेदारले सर्वसाधारणले देख्नेगरी गरी राख्नु पर्नेछ।

१२. ठेकेदार र यस गाउँपालिकाको कार्यालय बिच ठेक्का शर्त वा ठेक्का संचालन सम्बन्धी अन्य विषयमा कुनै विवाद उठेमा यस कार्यालयको निर्णय अन्तिम हुनेछ र अन्य विवादको हकमा त्यस्तो विवादको समाधान प्रचलित कानुन बमोजिम हुनेछ।

१३. तोकिएको म्यादभित्र ठेकेदारले गाउँपालिकालाई बुझाउनुपर्ने किस्ता रकम नबुझाएमा लालझाडी गाउँपालिकाले जुनसुकै बखत ठेक्का तोड्न सक्ने छ र हानी नोक्सानी क्षतिपूर्ति रकमका साथै बाँकी किस्ता रकमको २०% प्रतिशतका दरले ब्याज समेत ठेकेदारबाट गाउँपालिकाले असुल गर्ने छ।

१४. लालझाडी गाउँपालिका ले बिक्री मूल्य वा शुल्क कर असूल गरिसकेको निर्माण सामग्रीमा पुनः अर्को स्थानीय तहबाट कर लगाउन पाइने छैन।

१५. प्रचलित ऐन नियम बमोजिम ठेक्काको शर्त तथा दररेटमा कुनै संशोधन भएमा संशोधित व्यवस्था बमोजिम हुने गरी कार्यन्वयन गर्नुपर्ने छ।

१६. ठेक्का संकलन केन्द्रको विवरण निम्न अनुसारको ढाँचामा राख्नु पर्नेछ। तोकिएको स्थानबाहेक अन्य स्थानमा संकलन केन्द्र राख्नुपर्ने भएमा लालझाडी गाउँपालिका को पूर्व स्वीकृति लिएर मात्र राख्नुपर्नेछ।

संकलन केन्द्र राख्ने स्थानः

| **क्रमसंख्या** | **ठेक्काको किसिम** | **संकलन केन्द्र राख्ने स्थान** | **कैफियत** |
|---|---|---|---|
| १. | | | |
| २. | | | |

१७. आर्थिक वर्ष २०७७/७८ को लागि निम्नानुसारको नदिजन्य सामग्रीमा प्रति घनफिट बिक्री दरमा मूल्य अभिवृद्धि करबापत १३ प्रतिशत थप गरी निम्न अनुसार बिक्री मूल्य वा शुल्क संकलन गर्न पाइनेछ। साथै तोकिएको अवधिभन्दा पहिले तोकिएको परिमाण उत्खनन भएको खण्डमा थप परिमाण उत्खनन गर्न रोक लगाइनेछ।

१८. उत्खनन, संकलन तथा बिक्री गरिने साधारण निर्माण मुखी नदीजन्य पदार्थको मौज्दात आर्थिक वर्षको अन्तमा शुन्य गर्नुपर्नेछ शुन्य गर्न नसकेको परिमाण गाउँपालिकाले जफत गरी लिलाम बिक्री गर्नेछ।

१९. साधारण निर्माण मुखी नदीजन्य तथा खानी जन्य पदार्थ बिक्री वाफत गाउँपालिकालाई बुझाउनुपर्ने बिक्री शुल्कको विवरण देहायको ढाँचामा राख्नुपर्नेछ।

*(प्रति घन फिटमा)*

| नदीजन्य आवास खानी जन्य पदार्थ | ठेकेदारले लिन पाउने बिक्री मूल्य वा शुल्क( ..%) | मूल्य अभिवृद्धि कर रकम (...%) | कुल जम्मा |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |

२०. सामान्य निर्माण मुखी नदीजन्य उत्खनन संकलन तथा बिक्री गर्दा राष्ट्रिय गौरवको साथै रुपान्तरणकारी कार्य आयोजनाहरुलाई बिषय प्राथमिकता दिनुपर्नेछ।

२१. नदीबाट नदीजन्य पदार्थहरु उत्खनन गर्दा वातावरणमा प्रतिकूल प्रभाव पर्ने गरी कुनै पनि कार्य गर्न पाइने छैन। बालुवा, ग्राबेल र माटो निकाल्दा प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदनले निदृष्ट गरे बमोजिमको मात्रा र स्थानबाट मात्र निकाल्नु पर्नेछ।

२२.

२३. ठेकेदारले यस सम्झौतामा उल्लेखित सम्पूर्ण शर्तहरु पूर्ण रुपले पालना गर्नुपर्ने छ र सोको नियमितरुपमा गाउँपालिकाबाट अनुगमन हुनेछ। यस्तो अनुगमनबाट शर्त उल्लंघन भएको पाईएमा कार्यालयले जुनसुकै बखत ठेक्का तोडन सक्ने छ र यसबाट ठेकेदारलाई हानि नोक्सानि हुन गएमा कार्यालय जिम्मेवार हुनेछैन र त्यसको क्षतिपूर्ति दिइने छैन।

२४. साधारण निर्माण मुखी नदीजन्य पदार्थ उत्खनन र संकलन गर्दा भौतिक, जैविक, सामाजिक, आर्थिक र सास्कृतिक क्षेत्रमा पर्ने असरहरुलाई कम गर्ने प्रक्रियाहरु अवलम्बन गरी ढुंगा, गिट्टी, बालुवा आदि संकलन तथा ढुवानी गर्नुपर्ने छ ।

२५. उत्खनन गर्दा नजिक रहेको सडक वन तथा खोलानालाको किनारा, घाँटलाई कुनै हानी नोक्सानी नहुने र सर्वसाधारण जनताको घरजग्गा कुलो बाँध मा क्षति नहुनेगरी उत्खनन गर्नुपर्नेछ ।

२६. कल्भर्ट, सडक ,बाटो, पुल पुलेसा, कल्भर्ट, तटबन्ध, बाध तथा सार्वजनिक निर्माण स्थलबाट दुबैतर्फ २०० मिटर भित्र निर्माण सामाग्रीहरु उत्खनन गर्न पाइनेछैन । IEE REPORT ले निषेध गरेका क्षेत्र भित्र बालुवा ग्राबेल र माटो झिक्न पाईने छैन । स्वीकृत IEE प्रतिवेदनले तोकेको परिमाण भन्दा बढी परिमाण झिक्न पाईने छैन ।

२७. साधारण निर्माण मुखी नदीजन्य पदार्थ उत्खनन स्थल जाने बाटो मर्मत गर्ने अवस्था आएमा ठेकेदार आफैंले मर्मत गर्नुपर्नेछ । को बापत लागेको खर्च गाउँपालिकामा दाबी गर्न पाइने छैन ।

२८. मुख्य मार्गबाट बोल्डर, ग्राभेल, बालुवा उत्खनन गर्ने स्थल सम्म जाने आउने बाटो निर्माणको कार्य गर्दा निजी जग्गामा पर्ने भए सम्बन्धित जग्गाधनीको मन्जुरीनामा लिनुपर्ने छ र वन क्षेत्र भएर जाने भए वन कार्यालयसँग सम्पर्क र समन्वय राखी ठेकेदारले बाटो निर्माण गर्नुपर्नेछ ।

२९. साधारण निर्माण मुखी नदिजन्य तथा खानी जन्य पदार्थको उत्खनन तथा संकलन कार्यमा एक्साभेटर, डोजर जस्ता भारी उपकरणहरूको प्रयोग गर्दा वातावरणीय प्रतिवेदनको प्रावधानमा उल्लेख भएका सर्त तथा सीमाभित्र रही मात्र गर्नु पर्नेछ ।

३०. ठेक्का लागेको स्थानबाट दस्तुर वा शुल्क छली मालवस्तु उठाइ अन्यत्र लगेको वा स्टक गरेको फेला परेमा त्यस्तो मालवस्तुको दस्तुर वा शुल्क जुनसुकै स्थानमा लगेको भए पनि सम्बन्धित ठेकेदारले उठाउँन सक्नेछ ।

३१. उत्खनन पश्चात काम नलाग्ने भनी छोडिएको निर्माण सामग्रीहरु जुन स्थलबाट निकालिएको हो, सोही स्थलमा लगी पूर्व अवस्थामा छोड्नु पर्नेछ । नदीको धार बदलिने गरी उत्खनन गर्न पाइनेछैन ।

३२. साधारण निर्माण मुखी नदीजन्य पदार्थको उत्खनन् गर्ने कार्यमा संलग्न हुने कर्मचारी वा कामदारहरुले प्रयोग गर्ने सुरक्षा सामग्री तथा औजारहरु ठेकेदार स्वयंले उपलब्ध गराई सम्पूर्ण सुरक्षा शतर्कता साथ उत्खनन तथा बिक्री प्रबन्ध मिलाउनु पर्नेछ ।

३३. ठेक्का सम्झौता बमोजिमको कार्य गर्दा वातावरणमा कुनै प्रतिकूल प्रभाव नपर्ने गरी ठेकेदारले व्यवस्था मिलाउनु पर्नेछ । साथै कामदार तथा कर्मचारीको सुरक्षाको लागि बिमा गर्ने गराउने दायित्व समेत निज ठेकेदारको हुनेछ ।

३४. स्वीकृत वातावरणीय प्रतिवेदनमा उल्लेख भएका वातावरणीय प्रभाव न्यूनीकरणका उपायहरुको पूर्ण पालना गरी नदीजन्य पदार्थ उत्खनन संकलन तथा बिक्री गर्नुपर्नेछ ।

३५. यसमा उल्लेख भएका कुराहरुमा सोहीबमोजिम र यसमा उल्लेख नभएका कुराहरूको हकमा प्रचलित कानुन बमोजिम हुनेछ ।

## ४) वोलपत्र दाताको योग्यता :

यस लालझाडी गाउंपालिकाको आन्तरिक आय संकलनको ठेक्का लिन चाहने वोलपत्र दाताको योग्यता निम्नानुसार हुनु पर्नेछ ।

क) वोल पत्र दाता प्रचलीत कानुन बमोजिम स्थापना भएको संगठीत सस्था हुनु पर्नेछ ।

ख) लालझाडी गा.पा.को रेकर्डमा नगदी, जिन्सी बुझाउन बाकी हुनु हुदैन ।

ग) वोलपत्र दाता दिवालिया भएको हुनु हुदैन ।

घ) वोल पत्र दाता कालोसुचिमा परेको हुनु हुदैन ।

## ५) वोलपत्र पेश गर्ने तरिका :

लालझाडी गा.पा.को आन्तरीक आय संकलनको ठेक्का लिन चाहने वोलपत्र दाताको बोलपत्र पेश गर्ने तरिका निम्नानुसार हुनेछ ।

क) गाउंपालिकाबाट तोकिए अनुसारको शुल्क तिरि वोलपत्र खरीद गर्ने र सो को सम्पूर्ण अध्ययन गरी लिन चाहेको ठेक्काको विषयमा स्थलगत राम्ररी बुझ्ने कार्य वोलपत्र दाता स्वयंले गर्नु पर्नेछ ।

ख) वोलपत्रको सूचनामा उल्लेख भए अनुसारको जमानत/धरौटीको सक्कल प्रति र आवश्यक कागजात प्रमाणहरुको प्रतिलिपि वोलपत्र साथ राखी वोलपत्र फाराम भरी अधिकार प्राप्त व्यक्तिबाट दस्तखत सहि छाप गरी ठेक्का लिन चाहेको ठेक्काको नाम उल्लेख गरी सिलबन्दी वोलपत्र म्याद भित्र प्रमुख प्रशासकीय अधिकृत, लालझाडी गाउंपालिका, गाउं कार्यपालिकाको कार्यालय, शंकरपुर, कञ्चनपुरलाई सम्वोधन गरी तोकिएको समय भित्र कार्यालयमा आई कार्यालय प्रमुखको तोक लगाई दर्ता गर्नु पर्नेछ ।

## ६) वोलपत्र खोल्ने प्रक्रिया :

नियमानुसार रित पुर्वक प्राप्त वोलपत्र हरु निम्न प्रक्रिया पुगाई खोलिने छ ।

क)	वोलपत्रखोल्ने मिति, समय र स्थान वोलपत्र आह्वानको सूचनामा उल्लेख भए अनुसार नै खोलिने छ।

ख)	वोलपत्र दाता र अन्य आवश्यक प्रतिनिधिहरुको रोहवरमा खोलिने छ। वोलपत्र दाता उपस्थित नभए पनि वोलपत्रखोल्न बाधा पर्ने छैन।

## ७) वोलपत्रको मुल्यांकन :

वोलपत्रखोली सकेपछि रितपूर्वक प्राप्त मुल्यांकन निम्नानुसार हुनेछ।

क)	रितपूर्वकको वोलपत्र प्राप्त भएको हुनुपर्ने छ।

ख)	न्यूनतम अंक भन्दा बढी कबुल गर्नेवोलपत्र दाताको तुलनात्मक विवरण बनाई पेस भएका कागजात, प्रमाण, जमानत/धरौटी अध्ययन गरीन्छ।

ग)	रित पुर्वक पेस भएका वोलपत्र मध्ये न्यूनतम अंक भन्दा बढी कबोल गर्ने मध्ये सबै भन्दा बढी अंक कबूल गर्नेको ठेक्का स्वीकृत गर्ने प्रक्रिया अगाडि बढाईनेछ।

## ८) वोलपत्रको स्वीकृति

रितपुर्वक प्राप्त वोलपत्रहरु निम्नानुसार स्वीकृत गरीनेछ।

क)	प्राप्त वोलपत्रहरु स्वीकृत गर्ने वा नगर्ने अधिकार लालझाडी गाउंपालिकाको कार्यालय शंकरपुर, कञ्चनपुरमा रहनेछ।

ख)	रित पुर्वक वोलपत्र प्राप्त भएपछि सबैभन्दा बढी कबुल गर्नेको वोलपत्र स्वीकृत गरीने छ।

ग)	ठेक्का स्वीकृत भएको १५ (पन्ध्र) भित्र जमानत/धरौटी लिई सम्झौता गर्न आउन यस कार्यालयबाट सूचित गरिनेछ।

## ९) जमानत/धरौटी

यस कार्यालय बाट ठेक्का स्वीकृत भएको जानकारी प्राप्त भएपछि वोलपत्र दाताले वोलपत्र आह्वानको सूचनामा उल्लेख भए अनुसारको नियमानुसार आवश्यक पर्ने जमानत/धरौटी राखेको प्रमाण साथमा लिई तोकिएको म्याद भित्र सम्झौता गर्न वोलपत्र दाता कार्यालयमा उपस्थित हुनुपर्ने छ।

## १०) सम्झौता र कार्य आदेश

सम्झौता र कार्य आदेश निम्न अनुसार हुनेछ।

क)	वोलपत्र दाताले कार्यालय बाट वोलपत्र स्वीकृत भएको सुचना प्राप्त गरेपछि बाटाको म्याद वाहेक १५ (पन्ध्र) भित्र जमानत/धरौटी राखेको प्रमाण साथ कार्यालयमा उपस्थित भई सम्झौता गर्न निवेदन दिनु पर्ने छ अन्यथा म्याद भित्र सम्झौता गर्न नआएमा त्यस पछिको वोलपत्र दाता को ठेक्का स्वीकृत गर्ने प्रक्रिया अगाडि बढाईने छ।

ख)	वोलपत्र दाताले स्वीकृत ठेक्का अंकको कूल रकमको नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त वाणिज्य बैंकले जारी गरेको कम्तीमा १(एक) वर्ष म्याद भएको परफरमेन्स बन्ड वा नगदै रकम प्राप्त भएपछि ठेक्का पाउने सबै सर्त खुलाई सम्बन्धी ठेकेदार संग कबुलियत गराई नियमानुसार सम्झौता गरिने छ।

ग)	वोलपत्र दाता र कार्यालय बीच सम्झौता भएपछि ठेक्का चलन गर्न पाउने दर रेटको विवरण उल्लेख साथ ठेक्का चलनको लागि कार्य आदेश ठेकेदारलाई प्रदान गरिनेछ।

घ)	ठेकेदारले पनि सम्झौतामा उल्लेखित शर्त बन्देजको पूर्ण पालना गरी गराई ठेकका चलन गर्नु गराउनु पर्नेछ।

ङ)	ठेकेदार र कार्यालय बीच भएको सम्झौता अनुसार ठेक्का चलन नगरेमा सम्झौतामा उल्लेख भए अनुसार ठेक्का कार्यालयलले तोड्न पनि सक्ने छ।

## ११) ठेकेदारले पालना गर्नुपर्ने आचरण

क)	ठेक्का पाउने ठेकेदारले कार्यालय र व्यवसायी सम्बन्धित सवै संग सभ्य ,शिष्ट र सम्मानीत व्यवहार गर्नुपर्ने छ।

ख)	ठेक्का संग सम्बन्धीत पत्राचार शिष्ट र मर्यादित भाषामा हुनु पर्नेछ।

ग)	कार्यालयमा तालबन्दी, कार्यालयका पदाधिकारी कर्मचारीलाई घेराउ गर्न जस्ता आचरण गर्न पाईने छैन।

## १२) आकस्मीक अवरोध व्यवस्थापन :

ठेकेदारको काबु बाहिरको परीस्थितीले आकस्मिक रुपमा कामको अवरोध आएमा ठेकेदारले त्यसको सुचना तुरुन्त कार्यालयमा दिनु पर्नेछ। कार्यालय र ठेकेदार दुवैलाई मर्का नपर्ने गरी दुवै पक्ष्ँले आपसी सहमतिमा त्यस्तो अवरोध को व्यवस्थापन गर्ने छन्।

## १३) विवाद समाधान

कार्यालय र ठेकेदार विच विवाद उत्पन्न भएमा यस गाउंपालिकाको कार्यपालिका बैठकको निर्णयबाट विवाद समाधान गरिनेछ।

## १४) कार्य सम्पन्न

जुन आर्थिक वर्षको लगि ठेक्का प्राप्त भएको हो सो आर्थिक वर्ष समाप्त भएको १५ दिन भित्र कार्यालयले ठेकेदारलाई कार्य सन्तुष्टिको प्रमाण पत्र जारी गर्ने छ। कार्य सन्तुष्टि नभएको अवस्थामा असन्तुष्टिका बुदा खोली कार्यानुभवको प्रमाण पत्र मात्र कार्यलयले प्रदान गर्ने छ।

## १५) शुल्कका दरहरु

| क्र.सं. | विवरण | इकाई | न्यूनतम दर |
|---|---|---|---|
| १ | ग्रेभल र बालुवा (स्वीकृत खानी क्षेत्र बाहेक) | प्रति घनमिटर | रु.७५ |
| २ | माटो (स्वीकृत खानी क्षेत्र बाहेक) | प्रति घनमिटर | रु.३० |

# लालझाडी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

शंकरपुर, कञ्चनपुर, सुदूरपश्चिम प्रदेश
स्थापित - २०७३

## आन्तरिक श्रोत ठेक्का सम्बन्धी बोलपत्र फारम

आ. व. २०७७/०७८

| क्र स | ठेक्काको नाम | कबोल अङ्क *(मु. अ. कर बाहेक)* | | धरौटी रकम | |
|---|---|---|---|---|---|
| | | अङ्कमा | अक्षरमा | अङ्कमा | अक्षरमा |
| LAL-01-2077/078 | दोदा नदीको ग्रेवल, बालुवा र माटोको बिक्री रकम संकलन गर्न ठेक्का | | | | |

धरौटी भौचर नं./ जमानत नः:

ठेक्काका शर्तहरु अध्ययन गरी शर्त पालना गर्ने मन्जुरीका साथ माथि उल्लेखित व्यहोरा बमोजिम रकम उल्लेखगरी बोलपत्र पेश गरेको छु।

**बोलपत्र दाताको विवरण**

व्यक्तिको नामः स्थायी ठेगानाः
सम्पर्क ठेगानाः
नागरिकता नम्बरः जारि मिति जिल्लाः
फर्मको नामः
जिल्ला र दर्ता नम्बरः फोन नं.:
दस्तखत मितिः

## अनुसूची-२ ख

***(दफा ४ को उपदफा (५) सँग सम्बन्धित )***

## <u>ठेक्का सम्झौता फारम</u>

लिखितम ….. नाती ....छोरा .... जिल्ला ......गाऊँपालिका / गाउँपालिका वडा नं. ... स्थायी घर भई हाल गाऊँपालिका / गाउँपालिका वडा नं ... मा बसोबास गर्दै अएको वर्ष ..... को .... ले यस कार्यालयवाट प्रकाशित गरिएको मिति .........को ठेक्का नं. ....... को सुचना बमोजिम ढुंगा, गिट्टी र बालुवा उत्खनन, संकलन तथा बिक्रि वितरणकालागि तपाइ समेतले पेश गर्नुभएको बोलपत्र मुल्याङकन गर्दा आ. व. .... का लागि .... रु. .... (मु. अ. कर वाहेक) मा तपाइसंग ठेक्का सम्झौता गर्न मिति ... मा यस कार्यालयवाट निर्णय भएको हुदा ऊपर्युक्त निर्णय अनुसार तपशिलका शर्त बमोजिम तपशिल बमोजिमको क्षेत्रमा ...... गाऊँपालिका / गाउँपालिकाको तर्फवाट आय संकन गर्ने ठेक्काको मञ्जुरी भइ सम्जौता गर्न उपस्थित भएको छु ।

तपशिलमा लेखिए बमोजिमको शर्तमस कुनै घटिबढि नपारि कामकाज गरि मिति ... मा यस कार्यालयलाई .... प्रतिशत छुट पाउने रकम कटाइ सम्पूर्ण कोस्ताको रकम एकमुस्ट रु. ... (मु. अ. कर वाहेक) बुझाई मिति ..... देखि मिति ..... सम्म आ. व. .....को लागि ठेक्का चलाउनेछु । पछि मैले गरेको सम्झौता उपर कुनै कुरा उजुर गर्ने छैन , गरे यसै कागजातवाट बदर गरिदिनु भनी मेरो मनोमानी राजिखुसी सँग रकम चलनको कबुलियत लेखि यस कार्यालयमा बुझाएको छु।

**तपशिलः**

१) यस सम्झौतापत्रमा उल्लेख गरिए बमोजिमका क्षेत्र भित्र र शर्तको अधिनमा रहि आ. व. ... का लागि ..... प्रतिशत छुट पाउने रकम कटाइ सम्पूर्ण किस्तको रकम एकमुस्ट रु. .../- (मु. अ. कर वाहेक) वा प्रथम किस्ता बाहेकको रु. ...../- (मु. अ. कर वाहेक) बुझाई ..... गते देखि .... सम्मको लागि प्रचलित कानुनको अधिनमा रहि .... आय सङ्कलन गर्नेछु।

२) उक्त आय सङ्कलन गर्नका लागि गाउँपालिका क्षेत्रभित्र रहेका यसैसाथ सङलग्न सुचिका मालवस्तुमा सोहि सुचिमा तोकिएको दरमा बिक्रि मुल्य, सेवा शुल्क वा दस्तुरको रुपमा आय सङ्कलन गर्ने गरि गाउँपालिका ....... लाई अग्रिम एकमुष्ट वा प्रथम किस्ता बाफतको रकम बुझाएको छु ।

३) सो आय सङ्कलन गर्न गाउँपालिकाबाट निर्धारण भएको वस्तुमा तोकिदिएको दर बाहेक अन्य कुनै किसिमको कर सेवा शुल्क दस्तुर इत्यादि थप गरि लिने छैन र लालझाडी गाउँपालिकाबाट प्रमाणित गरिए बाहेकका रसिदहरु प्रयोग गरि आय सङ्कलन गर्ने छैन । अनुगमन समिति वा स्थानिय तहबाट अनुगमन हुदा कुनै अनाधिकृत रकम असुल ऊपर गरेको वा अनाधिकृत रसिद प्रयोग गरेको पाइएमा नियमानुसार कारबाहि र सजाय भएमा मलाई मञ्जुर छ ।

**नदिजन्य पदार्थहरु उत्खनन्, सङ्कलन र बिक्रि बितरण गर्ने सर्तहरु**

१. साधारण निर्माणमुखी नदिजन्य पदार्थहरु घाटगद्दी स्थल तोकि निर्धारित स्थानबाट मात्र उत्खनन् तथा बिक्रि वितरण गर्नुपर्नेछ ।

२. साधारण निर्माणमुखी नदीजन्य पदार्थको उत्खनन् सङ्कलन गरि धाटगद्दी क्षेत्रबाट बिक्रि वितरण गर्ने क्रममा उल्लिखित शर्तहरु पालना भए/ नभएको सम्बन्धमा अनुगमन समिति तथा गाउँपालिकाले अनुगमन गरी आवश्यक निर्देशन दिन सक्नेछ। निर्देशन पालना गर्ने दायित्व सम्बन्धित ठेकेदारको हुनेछ ।

३. ठेक्का कवोल गर्ने व्यक्ति वा फर्मले आफुले कवोल गरेको अंकको साथै उत्खननकोलागि उल्लिखित परिमाणको आधारमा बिक्रि शुल्क बाफतको दरले हुन आऊने रकम समेतको हिसाबले नियमानुसार थप .... (मु. अ. कर सहित) गरि एकमुष्ट वा .... किस्तामा ..... प्रतिशतका दरले ..... मसान्तभित्र र ..... महिनाको अन्तिममा यस कार्यालयमा बुझाउनु पर्नेछ ।

४. यस गाउँपालिकाका नदी तथा नदीहरुको उत्खनन् क्षेत्र र उत्खनन् परिमाणका सन्दर्भमा स्थानिय सरकार सञ्चालन ऐन २०७४, सुदुर पश्चिम प्रदेश कानुन, नदीजन्य निर्माण सामग्रीहरुको उपयोग सम्बन्धमा भएका अध्यन प्रतिवेदन यस ठेक्का सम्झौताका अभिन्न अंग रहनेछन ।

५. यस ठेक्का सम्झौतामा उल्लेखित नदीहरु बाहेक नदीजन्य पदार्थको उत्खनन संकलन तथा बिक्री वितरण कार्य मध्यवर्ती क्षेत्र राष्ट्रिय निकुञ्ज, सामुदायिक वन र नेपाल सरकारले निषेध गरेको स्थानहरुबाट गर्न पाइने छैन।

६. बिक्री मूल्य वा दस्तुर शुल्क तोकिएको संकलन केन्द्रमा मात्र उठाउनुपर्ने छ। राष्ट्रिय राजमार्ग र सहायक राजमार्गमा ढाट राख्न पाइने छैन।

७. नेपाल सरकार वा लालझाडी गाउँपालिकालाई प्रचलित कानूनबमोजिम बुझाउनुपर्ने अन्य कर दस्तुर, शुल्क आदि सबै ठेकेदार स्वयंले सम्बन्धित निकायमा बुझाउनुपर्नेछ। सो बाफत बुझाएको रकमलाई कबोल गरेको ठेक्का रकमबाट कट्टा गर्न पाइने छैन।

८. शुल्क उठाउने रसिदहरु ठेक्काको शिर्षक अनुसार छुट्टाछुट्टै ठेकेदारले आफ्नै तर्फबाट छपाइ गरी यस कार्यालयको छाप लगाइ प्रमाणीत गराएर र रसिद नियन्त्रण खातामा नम्बर दाखिला गरेर मात्र कर दस्तुर उठाउन प्रयोगमा ल्याउनु पर्नेछ।

९. बिक्री मूल्य वा शुल्क असुल गर्नुपर्ने दररेटको सुची तालिका र शर्तहरु सहितको होडिङ बोर्ड कर संकलन केन्द्रमा अनिवार्य रूपले ठेकेदारले सर्वसाधारणले देख्नेगरी गरी राख्नु पर्नेछ।

१०. ठेक्का सम्बन्धमा कुनै विवाद परेमा त्यस्तो विवादको समाधान प्रचलित कानुन बमोजिम हुनेछ।

११. तोकिएको म्यादभित्र ठेकेदारले गाउँपालिकालाई बुझाउनुपर्ने किस्ता रकम नबुझाएमा........ लालझाडी गाउँपालिकाले जुनसुकै बखत ठेक्का तोड्न सक्ने छ र हानी नोक्सानी क्षतिपूर्ति रकमका साथै बाँकी किस्ता रकमको .... प्रतिशतका दरले ब्याज समेत ठेकेदारबाट गाउँपालिकाले असुल गर्ने छ।

१२. लालझाडी गाउँपालिका ले बिक्री मूल्य वा शुल्क कर असूल गरिसकेको निर्माण सामग्रीमा पुनः अर्को स्थानीय तहबाट कर लगाउन पाइने छैन।

१३. प्रचलित ऐन नियम बमोजिम ठेक्काको शर्त तथा दररेटमा कुनै संशोधन भएमा संशोधित व्यवस्था बमोजिम हुने गरी कार्यन्वयन गर्नुपर्ने छ।

१४. ठेक्का संकलन केन्द्रको विवरण निम्न अनुसारको ढाँचामा राख्नु पर्नेछ। तोकिएको स्थानबाहेक अन्य स्थानमा संकलन केन्द्र राख्नुपर्ने भएमा लालझाडी गाउँपालिका को पूर्वस्वीकृति लिएर मात्र राख्नुपर्नेछ।

संकलन केन्द्र राख्ने स्थानः

| क्रमसंख्या | ठेक्काको किसिम | संकलन केन्द्र राख्ने स्थान | कैफियत |
|---|---|---|---|
| | | | |
| | | | |

१५. आर्थिक वर्ष २०७७/७८ को लागि निम्नानुसारको नदिजन्य सामग्रीमा प्रति घनफिट बिक्री रु..... दरमा मूल्य अभिवृद्धि करबापत १३ प्रतिशत थप गरी निम्न अनुसार बिक्री मूल्य वा शुल्क संकलन गर्न पाइनेछ। साथै तोकिएको अवधिभन्दा पहिले तोकिएको परिमाण उत्खनन भएको खण्डमा थप परिमाण उत्खनन गर्न रोक लगाइनेछ।

१६. उत्खनन, संकलन तथा बिक्री गरिने साधारण निर्माण मुखी नदीजन्य पदार्थको मौज्दात आर्थिक वर्षको अन्तमा शुन्य गर्नुपर्नेछ शुन्य गर्न नसकेको परिमाण गाउँपालिकाले जफत गरी लिलाम बिक्री गर्नेछ।

१७. साधारण निर्माण मुखी नदीजन्य तथा खानी जन्य पदार्थ बिक्री वाफत गाउँपालिकालाई बुझाउनुपर्ने बिक्री शुल्कको विवरण देहायको ढाँचामा राख्नुपर्नेछ।

*(प्रति घन फिटमा)*

| नदीजन्य आवास खानी जन्य पदार्थ | ठेकेदारले लिन पाउने बिक्री मूल्य वा शुल्क( ..%) | मूल्य अभिवृद्धि कर रकम (...%) | कुल जम्मा |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |

१८. सामान्य निर्माण मुखी नदीजन्य उत्खनन संकलन तथा बिक्री गर्दा राष्ट्रिय गौरवको साथै रुपान्तरणकारी कार्य आयोजनाहरुलाई बिषय प्राथमिकता दिनुपर्नेछ।

१९. नदीबाट नदीजन्य पदार्थहरु उत्खनन गर्दा वातावरणमा प्रतिकूल प्रभाव पर्ने गरी कुनै पनि कार्य गर्न पाइने छैन।

२०. ठेकेदारले यस सम्झौतामा उल्लेखित सम्पूर्ण शर्तहरु पूर्ण रुपले पालना गर्नुपर्ने छ र सोको नियमितरुपमा गाउँपालिकाबाट अनुगमन हुनेछ। यस्तो अनुगमनबाट शर्त उल्लंघन भएको पाईएमा कार्यालयले जुनसुकै बखत ठेक्का तोडन सक्ने छ र यसबाट ठेकेदारलाई हानि नोक्सानि हुन गएमा कार्यालय जिम्मेवार हुनेछैन र त्यसको क्षतिपूर्ति दिइने छैन।

२१. साधारण निर्माण मुखी नदीजन्य पदार्थ उत्खनन र संकलन गर्दा भौतिक, जैविक, सामाजिक, आर्थिक र सास्कृतिक क्षेत्रमा पर्ने असरहरुलाई कम गर्ने प्रक्रियाहरु अवलम्बन गरी ढुंगा, गिट्टी, बालुवा आदि संकलन तथा ढुवानी गर्नुपर्ने छ ।

२२. साधारण निर्माण मुखी नदीजन्य पदार्थ उत्खनन स्थल जाने बाटो मर्मत गर्ने अवस्था आएमा ठेकेदार आफैंले मर्मत गर्नुपर्नेछ । को बापत लागेको खर्च गाउँपालिकामा दाबी गर्न पाइने छैन ।

२३. उत्खनन गर्दा नजिक रहेको सडक वन तथा खोलानालाको किनारा, घाँटलाई कुनै हानी नोक्सानी नहुने र सर्वसाधारण जनताको घरजग्गा कुलो बाँध मा क्षति नहुनेगरी उत्खनन गर्नुपर्नेछ ।

२४. कल्भर्ट, सडक ,बाटो तथा सार्वजनिक निर्माण स्थलबाट दुबैतर्फ २०० मिटर भित्र निर्माण सामाग्रीहरु उत्खनन गर्न पाइनेछैन ।

२५. मुख्य मार्गबाट बोल्डर, ग्राभेल, बालुवा उत्खनन गर्ने स्थल सम्म जाने आउने बाटो निर्माणको कार्य गर्दा निजी जग्गामा पर्ने भए सम्बन्धित जग्गाधनीको मन्जुरीनामा लिनुपर्ने छ र वन क्षेत्र भएर जाने भए वन कार्यालयसँग सम्पर्क र समन्वय राखी ठेकेदारले बाटो निर्माण गर्नुपर्नेछ ।

२६. ठेक्का सम्झौता भएको मितिको भोलिपल्ट देखि.... सम्म बिहान.... बजेदेखि बेलुका.... बजेसम्म मात्र उत्खनन् एवं संकलन समय अवधि हुनेछ ।

२७. साधारण निर्माण मुखी नदिजन्य तथा खानी जन्य पदार्थको उत्खनन तथा संकलन कार्यमा एक्साभेटर, डोजर जस्ता भारी उपकरणहरूको प्रयोग गर्दा वातावरणीय प्रतिवेदनको प्रावधानमा उल्लेख भएका सर्त तथा सीमाभित्र रही मात्र गर्नु पर्नेछ ।

२८. ठेक्का लागेको स्थानबाट दस्तुर वा शुल्क छली मालवस्तु उठाइ अन्यत्र लगेको वा स्टक गरेको फेला परेमा त्यस्तो मालवस्तुको दस्तुर वा शुल्क जुनसुकै स्थानमा लगेको भए पनि सम्बन्धित ठेकेदारले उठाउँन सक्नेछ ।

२९. उत्खनन पश्चात काम नलाग्ने भनी छोडिएको निर्माण सामग्रीहरु जुन स्थलबाट निकालिएको हो, सोही स्थलमा लगी पूर्व अवस्थामा छोड्नु पर्नेछ । नदीको धार बदलिने गरी उत्खनन गर्न पाइनेछैन ।

३०. साधारण निर्माण मुखी नदीजन्य पदार्थको उत्खनन् गर्ने कार्यमा संलग्न हुने कर्मचारी वा कामदारहरुले प्रयोग गर्ने सुरक्षा सामग्री तथा औजारहरु ठेकेदार स्वयंले उपलब्ध गराई सम्पूर्ण सुरक्षा शतर्कता साथ उत्खनन तथा बिक्री प्रबन्ध मिलाउनु पर्नेछ ।

३१. ठेक्का सम्झौता बमोजिमको कार्य गर्दा वातावरणमा कुनै प्रतिकूल प्रभाव नपर्ने गरी ठेकेदारले व्यवस्था मिलाउनु पर्नेछ । साथै कामदार तथा कर्मचारीको सुरक्षाको लागि बिमा गर्ने गराउने दायित्व समेत निज ठेकेदारको हुनेछ ।

३२. स्वीकृत वातावरणीय प्रतिवेदनमा उल्लेख भएका वातावरणीय प्रभाव न्यूनीकरणका उपायहरुको पूर्ण पालना गरी नदीजन्य पदार्थ उत्खनन संकलन तथा बिक्री गर्नुपर्नेछ ।

३३. यसमा उल्लेख भएका कुराहरुमा सोहीबमोजिम र यसमा उल्लेख नभएका कुराहरूको हकमा प्रचलित कानुन बमोजिम हुनेछ ।

# अनुसूची २ ग

***दफा ४ को उपदफा (५) संग सम्बन्धित***

## पट्टाको फारम

लालझाडी गाउँपालिका बाट श्री .... को नाति ......को छोरा...... जिल्ला...... गाउँपालिका/ गाउँपालिका वडा नं..... स्थायी घर भई हाल ...... जिल्ला...... गाउँपालिका/ गाउँपालिका वडा नं..... मा बसोबास गर्दै आएको वर्ष....... को...... ले..... कानुनबमोजिम लालझाडी गाउँपालिका को निमित्त तपसिल बमोजिमको सर्तमा तपसिल बमोजिमको क्षेत्रमा तपसिल बमोजिमको दरले आय रकम संकलन गर्न ठेक्का बन्दोबस्त गर्ने गरी ग्यास लालझाडी गाउँपालिका बाट बोलपत्र आव्हान गरिएअनुसार तपाईं समेतले दिनुभएको बोलपत्रको मूल्यांकन हुँदा आर्थिक वर्ष... ....को लागि रु ......मूल्य अभिवृद्धि कर बाहेक अक्षरुपी...... मात्रमा ठेक्का दिने गरी तपाईसँग ठेक्का बन्दोबस्त गर्न मिति...... मा यस गाउँपालिकाबाट भएको निर्णयअनुसार तपसिलका शर्त बमोजिम हुने गरी आय संकलन गर्न मन्जुरी भई कबुलियत गरिदिनुभएको हुँदा कबुलियत बमोजिम घटीबढी नपारी तपसिलमा लेखिए बमोजिमको मितिभित्र लालझाडी गाउँपालिका लाई सम्पूर्ण किस्ताको को रकम रु...... वा प्रथम किस्ता वापतको रकम रु.... बुझाइ मिति.... देखि मिति...... सम्म आर्थिक वर्ष.... को लागि देहाय बमोजिमका स्रोतहरूबाट देहायबमोजिमको दरमा बिक्री मूल्य वा शुल्क संकलन गर्ने कार्य गर्नु होला। तपाईंले गरिदिनुभएको सम्झौता र यो पट्टाको बर्खिलाप कामकाज गरेको वा देहायमा उल्लेख भएको दरमा फरक पारी बिक्री मूल्य वा शुल्क असुल गरेको गरेको ठहरे तपाईसँग भएको ठेक्का तोडी तपाईंको नाम कालोसूचीमा राखिने र यसबाट यस गाउँपालिका लाई हुनजाने नोक्सानीको सम्पूर्ण रकम तपाईंले राखेको बैंक जमानत वा नगदै दाखिला गरेको रकमबाट असुल उपर गरिनेछ। पछि तपाइको कुनै कुरामा उजुर दाबी लाग्ने छैन भनि आजै यस लालझाडी गाउँपालिका बाट ठेक्का चलनको पुर्जी गरिदिएको छ।

**तपसिल**

३६. सम्झौतामा उल्लेख गरिए बमोजिम का क्षेत्र भित्र र शर्तको अधिनमा रही अर्थिक वर्ष....... को सम्पूर्ण किस्ता वा प्रथम किस्ता वापतको रकम रु..... बुझाई..... साल ... गते देखि...... साल...... सम्मलाई प्रचलित कानूनको अधीनमा रही लालझाडी गाउँपालिका को आय संकलन गर्ने।

३७. उक्त आय संकलन गर्नका निमित्त लालझाडी गाउँपालिका क्षेत्रभित्र रहेका यसैसाथ संलग्न सूचीका मालवस्तुमा सोही सूचीमा तोकिएको दरमा बिक्री मूल्य वा शुल्कको रुपमा आय संकलन गर्ने छु। यसरी आय संकलन गर्दा करदातालाई दिइने भरपाई रसीद सबै यसै गाउँपालिकाबाट प्रमाणित गराई प्रयोग गर्नेछु।

३८. सो आय संकलन गर्न लालझाडी गाउँपालिकाको कार्यालयबाट निर्धारण भएको वस्तुमा तोकिएको दर बमोजिम बाहेक अन्य कुनै किसिमको कर, सेवाशुल्क वा दस्तुर लगाई लिइने छैन र यस कार्यालयबाट प्रमाणित गरिदिए बाहेकका रसिदहरु प्रयोग गरी आय संकलन गरिने छैन। यदि कुनै अनाधिकृत रकम असुल उपर गरेको वा अधिकृत रसिद प्रयोग गरेको पाइएमा नियमानुसार कारबाही र सजाय हुनेछ।

३९. अन्य कुराहरु तपाई र यस गाउँपालिकाको कार्यालय बीच भएको सम्झौता बमोजिम हुनेछ।

४०. साधारण निर्वाहमुखी नदीजन्य पदार्थको उत्खनन संकलन र बिक्री गर्दा देहायका स्थलबाट निम्न बमोजिमको परिमाणमा मात्र गर्नुपर्नेछ।

| क्र. स. | नदीजन्य पदार्थ उत्खनन गर्ने स्थान र नदीको नाम | बालुवा (क्यु. फि.) | ढुंगा (क्यु. फि.) | ग्राभेल / गिट्टी (क्यु. फि.) | संकलन गर्ने स्थान |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |

# अनुसूची ३

***दफा ४ को उपदफा ७ सँग सम्बन्धित***

## पटके प्रवेश आदेश

ढुंगा गिट्टी बालुवा जस्ता साधारण निर्वाहमुखी नदीजन्य पदार्थ उत्खनन संकलन र ढुवानी कार्यको लागि वातावरणीय अध्ययन प्रतिवेदन कार्यान्वयनका सन्दर्भमा अनिवार्य प्रयोग गरिनुपर्ने परिमाण नियन्त्रण तथा नदी प्रवेश आदेश

नदी नामः

नाका वा स्थानको नामः

प्रवेश आदेश मितिः समयः प्रवेश आदेश नं.

**नदी प्रवेश आदेश विवरण**

१. ढुवानी गरी लैजाने नाकाको नामः

ठेगानाः सम्पर्क फोन नम्बरः

२. ढुवानी गरिने पदार्थको नामः

३. ढुवानी गरी लैजाने साधनको नामः सवारी दर्ता नम्बरः

४. निकाली लैजाने पदार्थको परिमाणः .................... (घन फुट)

५. ढुवानी गरी लैजाने स्थान

६. ढुवानी गरी लैजाने पदार्थको प्रयोजन

(जुन प्रयोजनका लागि लैजाने हो कुनै एकमा चिन्ह लगाउने)

क. निजी निर्माण ☐ ख. सार्बजनिक निर्माण ☐

ग प्रशोधन पछि बिक्री ☐ घ अन्य प्रयोजन (खुलाउने) ☐

(नोटः यो आदेश नलिई ढुंगा गिट्टी बालुवा जस्ता साधारण निर्माण मुखी नदीजन्य पदार्थ उत्खनन संकलन गर्ने सवारी साधन नदीमा प्रवेश गर्न ओसारपसार गर्न र सञ्चय वा भण्डारण गर्न निषेध गरिएको छ। कहीं कतै त्यस्तो पाइएमा प्रचलित कानुनबमोजिम सजाय हुनेछ।)

प्रवेश आदेश दिने कर्मचारीको नाम थरः

सहीः

ठेकेदार वा प्रतिनिधि को नाम थरः

सहिः

# अनुसूची ४ क

(उत्खननकर्ताले राख्ने दैनिक उत्खनन् अभिलेख)

(दफा ७ को उपदफा (६) सँग सम्बन्धित)

खानी वा नदीबाट ढुङ्गा, गिट्टी र वालुवा जस्ता साधारण निर्माणमुखी पदार्थ उत्खनन् ओसारपसार कार्यको लागि वातावरणीय अध्ययन प्रतिवेदनको कार्यान्वयनका सन्दर्भमा उत्खनन् स्थान अनुसार परीमाण नियन्त्रणका लागि दैनिक तयार गरिनु पर्ने अभिलेख

नाका वा स्थान भएको खानी वा नदीको नामः-

उत्खनन् गरिएको नाका वा स्थानको नामः-

| क.सं. | उत्खनन गरिएको मिति | उत्खनन् गरिएको परीमाण | उत्खननकर्ता वा प्रतिनिधीको दस्तखत | अनुगमनकर्ताको दस्तखत |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |
| ४ | | | | |
| ५ | | | | |
| ६ | | | | |
| ७ | | | | |
| ८ | | | | |
| ९ | | | | |
| १० | | | | |

## दैनिक पटके बिक्री वा ढुवानी अभिलेख तेरीज

(दफा ७ को उपदफा (६) सँग सम्बन्धित)

नदीजन्य तथा खानीजन्य ढुङ्गा, गिट्टी, बालुवा जस्ता साधारण निर्माणमुखी पदार्थ उत्खनन् र सङ्कलन कार्यको लागि वातावरणीय अध्ययन कार्यान्वयनका सन्दर्भमा ढुवानी क्षेत्र अनुसार परीमाण नियन्त्रणका लागि दैनिक तयार गरिने अभिलेख तेरीज

नदी वा खानीको नाम:-

नाकाको नाम:-

मिति:-

| क.सं. | ढुवानी मिति | पटके बिक्री आदेश नं. | पटके बिक्री भएको परीमाण | बिक्री भएको पदार्थ लैजाने सवारी नं. | कैफियत |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| ४ | | | | | |
| ५ | | | | | |
| ६ | | | | | |
| ७ | | | | | |
| ८ | | | | | |
| ९ | | | | | |
| १० | | | | | |

नोट: यो फाराम उत्खनन् स्थलबाट प्रत्येक पटक भरी पटके बिक्री आदेशको १ प्रति संलग्न गरी दैनिक रुपमा ........ गाउँपालिका वा नगरपालिकालाई अनिवार्य रुपमा पठाउनु पर्नेछ ।

# अनुसूची-६

(दफा १७ सँग सम्बन्धित)

## उत्खनन् स्थलमा राख्नु पर्ने सूचना पाटीको नमूना

साधारण निर्माणमुखी नदीजन्य तथा खानीजन्य पदार्थ उत्खनन्, सङ्कलन र ढुवानी गर्ने कार्यको लागि वातावरणीय अध्ययन प्रतिवेदन कार्यान्वयनको सन्दर्भमा उत्खनन् तथा सङ्कलन स्थलमा सार्वजनिक जानकारीका लागि राखिने सूचना पाटी

(क) उत्खनन्, सङ्कलन गरिने स्थलः

(ख) उत्खनन्, सङ्कलनको विवरण

१. नदी वा खानीको नामः

२. ठाउँको नामः

३. उत्खनन् गरिने परीमाण घनफिट माः

४. उत्खनन् कार्यमा प्रयोग हुने साधनः

५. उत्खनन् गर्ने कार्य गर्न अधिकार प्राप्त ठेकेदार फर्मको नाम र ठेगानाः

६ उत्खनन् गर्ने अवधिः मिति २०...।...। ......गते बाट २०...।...। ......भित्र ।

(कुनै गुनासो वा थप जानकारीको लागि ...................गाँउपालिका वा नगरपालिकामा सम्पर्क गर्ने)